मकवानपुरगढी गाउँपालिका
**Makawanpurgadhi Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Executiv**
मक्रान्चुली, मकवानपुर, बागमती प्रदेश, नेपाल
**Makranchuli, Makawanpur, Bagamati Province, Nepal**

प.स : ०८०/०८१(प्रप्रअ)
च.न.: ६४०

मिति: २०८०।०७।१९

श्री प्रकाश न्यैपाने,
(अधिकृतस्तर छैटौ)
मकवानपुरगढी गाउँपालिका , मकवानपुर ।

विषय: अधिकार प्रत्यायोजन तथा कार्य जिम्मेवारी तोकिएको बारे ।

उपरोक्त सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ को उपदफा ५ बमोजिम नियमानुसार कानुनहरुले मलाइ प्राप्त तपसिल बमोजिमको अधिकार तथा कार्य जिम्मेवारी प्रत्यायोजन गरेको छु । आफुलाई प्राप्त अधिकार प्रचलित कानुनको अधिनमा रही प्रयोग गर्नुहुन एव द्विविधा वा समस्या परेमा म समक्ष पेश गरी निकासा भए बमोजिम गर्नुहुन अनुरोध छ ।

तपशिल

१. उपभोक्ता समितिहरुबाट सचालन हुने योजनाहरुको लगत अनुमान पूर्वाधार शाखाबाट स्वीकृत भए पछि योजना सम्झौता गर्ने, कार्यदिश प्रदान गर्ने, योजनाको अनुगमन गर्ने ।
२. उपभोक्ता समितिबाट कार्य सम्पन्न भइ अनुगमन गरीदिन निवेदन प्राप्त भए पछि पूर्वाधार शाखबाट कार्यसम्पन्न प्रतिवेदन, नापजाँच किताव, गुणस्तर परीक्षण प्रतिवेदन लगायत आवश्यक कागजात लिइ नियमानुसार अनुगमन गराउने, फरफारक समितिको बैठक बसाइ भुक्तानीको लागि पेश गर्ने,
३. आफु मातहतका सहायकस्तरका कर्मचारीहरुको कार्यसम्पादनको सुपरीवेक्षण एवम् मुल्याङ्कन गर्ने ।
४. कार्यपालिका बैठकमा पेस हुने एजेन्डा अध्यक्षज्युसँग छलफग गरी पेस गर्ने, निर्णयहरु लेखे र प्रमाणित गराइ सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाउने।
५. कार्यपालिका बैठकबाट भएका निर्णयहरु कार्यन्वयनका लागि सम्बन्धित निकाय, शाखामा अविलम्ब लेखी पठाउने
६. आफ्नो शाखाबाट जारी हुने पत्रमा हस्ताक्षर गर्ने, निर्णय वा तोक आदेश भइ आएका पत्र हस्ताक्षर गरी तत् निकायमा पठाउने ।
७. तोकिएका अन्य कार्यहरु सम्पादन गर्ने गराउने ।

२०८०/७/१९

(राजेन्द्र कार्की)
प्रमुख प्रशासकिय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

अवगतार्थ /बोधार्थ /कार्यार्थ :-
श्री अध्यक्षज्यू/उपाध्यक्षज्यू, मकवानपुरगढी गाउँपालिका , मकवानपुर ।
श्री सबै वडा कार्यालयहरु, मकवानपुरगढी गाउँपालिका , मकवानपुर ।
श्री सूचना प्रविधि शाखाः वेभसाईटमा अपलोड गरी सबै निकायमा इमेल पठाउन हुन।